# विदेशी विनिमय कारोवार गर्ने इजाजतपत्रप्राप्त संस्थाहरुको कारोवार र निरीक्षण सम्बन्धी त्रैमासिक प्रतिवेदन
# (आ.व. २०७०।७१ को चौथो त्रयमास)

**(क) पृष्ठभूमी**

१. विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ को दफा (३) ले विदेशी विनिमय सम्वन्धी कारोवार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपाल राष्ट्र बैंकवाट इजाजत लिनुपर्ने व्यवस्था गरेको छ । इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था बाहेक यस बैंकवाट विभिन्न ३ प्रकारको विदेशी मुद्रा कारोवारको इजाजत प्रदान गर्ने गरिएको छ (क) मुद्रा विप्रेषणको कारोवार गर्ने (ख) मनि चेञ्जर (मुद्रा सटही) सम्वन्धी कारोवार गर्ने, र (ग) होटल, ट्रेकिङ्ग, ट्राभल्स, एअरलाईन्स, कार्गो र अन्यले विदेशी व्यक्ति, फर्म, कम्पनीलाई सेवा विक्री गरे वापत आफ्ना ग्राहकहरुवाट विदेशी मुद्रा स्वीकार गर्ने । उपरोक्त तीन किसिमका विदेशी मुद्रा सम्वन्धी कारोवार गर्ने संस्थाहरुलाई इजाजत दिने प्रकृया एवं त्यस्ता संस्थाहरुले गर्ने कार्यलाई व्यवस्थित गर्न नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७; मनि चेञ्जर विनियमावली, २०६७ र विदेशी विनिमय कारोवार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०६७ कार्यान्वयनमा रहेका छन् । यस अतिरिक्त मुद्रा विप्रेषण तथा मनि चेञ्जर सम्वन्धी काम गर्ने संस्थाहरुको कारोवारलाई थप व्यवस्थित एवं नियमित गर्न र विदेशी विनिमय व्यवस्थापनको कार्यलाई थप प्रभावकारी वनाउन गत आर्थिक बर्ष मुद्रा विप्रेषणको कार्य गर्ने संस्थाको निरीक्षण कार्यविधि, २०६९ र मनि चेञ्जरको कार्य गर्ने संस्थाको निरीक्षण कार्यविधि, २०६९ तर्जुमा भई लागू भइसकेको छ । आर्थिक वर्ष २०७०।७१ को चौथो त्रयमाससम्ममा यस बैंकबाट विदेशी विनिमय कारोवारको लागि ४५ वटा बिप्रेषण कम्पनी, १६५ मनि चेञ्जर, ११५ होटल, ९१५ ट्रेकिङ्ग, ७७५ ट्राभल्स र १६ वटा अन्य संस्थाहरुले इजाजत लिएका छन् । यस अनुसार, यस बैंकले निरीक्षण गर्नुपर्ने विदेशी मुद्रा सम्बन्धी कारोवार गर्ने संस्थाहरु (वाणिज्य बैंकहरु बाहेक) जम्मा २०३१ वटा रहेका छन ।

२. विदेशी विनिमय व्यवस्थापन विभाग अन्तर्गत रहेको निरीक्षण तथा अनुगमन फाँटवाट मुख्य रुपमा २ वटा कार्यहरु सम्पादन हुँदै आएका छन् ।

(१) इजाजतप्राप्त संस्थाहरुले विभागमा वुझाउनुपर्ने मासिक कारोवार विवरण नियमित गर्न लगाउने, नियमित भए/नभएको गैर स्थलगत निरीक्षण तथा अनुगमन गर्ने र कारोवारको एकीकृत तथ्यांक विवरण तयार गर्ने ।

(२) वार्षिक कार्ययोजनामा तोकिए वमोजिम इजाजतप्राप्त संस्थाहरुको स्थलगत निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन तयार गर्ने र प्रचलित कानून, यस बैंकको निर्देशन उल्लंघन भएको पाइएमा कारवाही प्रकृया अघि वढाउने ।

३. माथि उल्लेखित कार्यहरुलाई नै यस प्रतिवेदनमा व्याख्या गरिएको छ । आर्थिक वर्ष २०७०।७१ को वार्षिक कार्ययोजनामा इजाजतप्राप्त संस्थाहरुको त्रैमासिक प्रतिवेदन तयार गर्ने उल्लेख भए अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस्तो प्रतिवेदन तयार गर्ने कार्य अघिल्लो आर्थिक वर्ष देखि शुरु गरिएको हो । यो प्रतिवेदन मुख्यतयाः चार खण्डमा बाँडिएको छ । पहिलो खण्डमा पृष्ठभूमी, दोश्रोमा इजाजतपत्र प्राप्त संस्थाहरुको विदेशी मुद्रा कारोवार स्थिति, तेश्रो खण्डमा निरीक्षण तथा कारवाही विवरण र अन्तिम खण्डमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

(ख) **इजाजतप्राप्त संस्थाहरुको विदेशी मुद्रा कारोवार स्थितिः**

४. यस बैंकबाट विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी, मनिचेञ्जर, होटल, ट्राभल्स, ट्रेकिङ्ग, एअरलाइन्स, कार्गो तथा अन्य कम्पनी (व्यक्ति, फर्म, कम्पनी तथा संस्था) हरुको नियमित तथा विशेष निरीक्षण गरी कारोवारको मासिक विवरण अनिवार्यरुपमा पेश गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयन गरिए पश्चात त्यस्तो विवरण यस बैंकमा पेश हुने गरेको छ । विगतमा इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरुले नियमितरुपमा कारोवार विवरण पेश गर्ने नगरेको हुँदा सम्वन्धित विनियमावलीमा कारवाहीको व्यवस्था समेत भएको, अनुगमन कार्य प्रभावकारी वनाइएको तथा तथ्यांङ्क नियमित पोस्टिङ गरी प्रतिवेदन समेत तयार पार्न थालिएकोले यसमा सुधार आएको छ । विदेशी मुद्रा कारोवार गर्ने संस्थाहरुले अँग्रेजी महीना अनुसार कारोवार विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था भए अनुसार अँग्रेजी महीनाको मे २०१४ देखि जुलाई २०१४ सम्म ( २०७१ बैशाख-आषाढ) तीन महीनाको विवरण आर्थिक वर्ष २०७०।७१ को चौथो त्रयमासको प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका (क)**

**विदेशी मुद्रा कारोवारको स्थिति (चौथो त्रयमास)**

(अमेरिकी डलर हजारमा)

| क्र. सं. | संस्था विवरण | २०१२ मे-जुलाई | २०१३ मे-जुलाई | २०१४ मे-जुलाई | % परिवर्तन २०१३-२०१२ | % परिवर्तन २०१४-२०१३ |
|---|---|---|---|---|---|---|
| १ | विप्रेषण कम्पनी* | ५६,९४,६७ | ६६,००,३७ | ६९,१४,८६ | १५.९० | ४.७६ |
| २ | मनिचेन्जर | १,५०,०७ | २,६१,६६ | २,५९,१४ | ७४.३६ | -०.९६ |
| ३ | होटल | ७७,७८ | ७९,७८ | ९०,२१ | २.५७ | १३.०७ |
| ४ | ट्रेकिङ्ग | ८५,१६ | ९६,७३ | १,११,८२ | १३.५९ | १५.६० |
| ५ | ट्राभल्स | ४२,५६ | ४४,१५ | ३३,०७ | ३.७४ | -२५.१० |
| ६ | अन्य | ६७,५४ | ६६,४६ | ९९,६२ | -१.६० | ४९.८९ |
| | **जम्मा** | **६१,१७,७८** | **७१,४९,१५** | **७५,०८,७२** | १६.८६ | ५.०३ |

* विप्रेषण कम्पनी कारोवार गर्ने बैक मार्फत भएको विप्रेषण आप्रवाह तथ्यांङ्क समावेश नभएको ।

५. सन् २०१३ को मे देखि २०१३ जुलाई (२०७० बैशाख-आषाढ)सम्म तीन महीनामा विप्रेषण कम्पनी, मनिचेन्जर, होटल, ट्रेकिङ्ग र ट्राभल्स कम्पनी मार्फत विदेशी मुद्राको आप्रवाह बृद्धि भएको थियो भने अन्य समुहको आप्रवाहमा ह्रास आएको थियो । उक्त संस्थाहरुको कारोवार सन् २०१२ को सोही अवधिको तुलनामा क्रमशः १५.९० प्रतिशत, ७४.३६ प्रतिशत, २.५७ प्रतिशत, १३.५९ प्रतिशत र ३.७४ प्रतिशतले बृद्धि भएको थियो भने अन्य क्षेत्रमा १.६० प्रतिशतले ह्रास भएको थियो । उपरोक्त तीन महीनामा भएको कुल कारोवार अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६.८६ प्रतिशतले बृद्धि भई ७१ करोड ३९ लाख अमेरिकी डलर वरावर विदेशी मुद्रा आप्रवाह भएको थियो । सन २०१४ को मे देखि जुलाई (२०७१ बैशाख-आषाढ) सम्म (चौथो त्रयमास)मा विप्रेषण कम्पनी, होटल, ट्रेकिङ्ग र अन्य क्षेत्र तर्फबाट भएको कारोवारमा बृद्धि भई कुल आप्रवाहमा सन् २०१३ को सोही अवधिको

तुलनामा ५.०३ प्रतिशतले बृद्धि भएको छ । प्राप्त तथ्यांक अनुसार, विप्रेषण कम्पनी तर्फ ४.७६ प्रतिशत, होटल तर्फ १३.०७ प्रतिशत, ट्रेकिङ्ग तर्फ १५.६० प्रतिशत र अन्य तर्फ ४९.८९ प्रतिशतले बृद्धि भएको छ भने मनिचेन्जर तर्फ ०.९६ प्रतिशत र ट्राभल्स तर्फ २५.१० प्रतिशतले ह्रास भएको छ । विप्रेषण कम्पनी, मनिचेन्जर, होटल, ट्रेकिङ्ग, ट्राभल्स र अन्य क्षेत्रबाट क्रमशः ६९ करोड १५ लाख, २ करोड ५९ लाख, ९० लाख २१ हजार, १ करोड १२ लाख, ३३ लाख ०७ हजार र ९९ लाख ६२ हजार वरावर अमेरिकी डलर आप्रवाह भएको छ । समग्रमा सन् २०१४ को मे-जुलाई (२०७०।७१ को लगभग चौथो त्रयमास) मा कारोवार ५.०३ प्रतिशतले बृद्धि भई अमेरिकी डलर ७५ करोड ०९ लाख वरावर विदेशी मुद्रा आप्रवाह भएको छ । सन २०१४ को मे-जुलाई तीन महिनामा कारोवारमा बृद्धि दरमा कमी हुनुमा विप्रेषण कम्पनी तर्फको आप्रवाह बृद्धिमा कम हुन गएकोले कुल आप्रवाहमा कमी हुन गएको देखिन्छ ।

**तालिका (ख)**

**विदेशी मुद्रा कारोवारको स्थिति (चौथो त्रयमाससम्म)**

(अमेरिकी डलर हजारमा)

| संस्था विवरण | २०११/२०१२ अगस्त-जुलाई | २०१२/२०१३ अगस्त- जुलाई | २०१३/२०१४ अगस्त- जुलाई | % परिवर्तन २०१३-२०१२ | % परिवर्तन २०१४-२०१३ |
|---|---|---|---|---|---|
| विप्रेषण कम्पनी | २,१४,१६,४१ | २,३३,०५,८५ | २,६५,३५,२८ | ८.८२ | १३.८६ |
| मनिचेन्जर | १३,६०,०३ | ९,७१,७२ | ११,६४,०३ | –२८.५५ | १९.७९ |
| होटल | ४,०६,३० | ३,७९,४३ | ३,६४,७७ | –६.६१ | –३.८६ |
| ट्रेकिङ्ग | ५,४५,५२ | ५,८९,५२ | ७,०५,१२ | ८.०७ | १९.६१ |
| ट्राभल्स | २,३८,५९ | २,३१,२७ | १,८१,४४ | –३.०७ | –२१.५५ |
| अन्य | २,१७,४८ | ३,३०,९६ | ३,२१,१२ | ५२.१८ | –२.९७ |
| **जम्मा** | २,४१,८४,३३ | २,५८,०८,७५ | २,९२,७१,७६ | ६.७२ | १३.४२ |

* विप्रेषण कम्पनी कारोवार गर्ने बैंक मार्फत भएको विप्रेषण आप्रवाह तथ्याङ्क समावेश नभएको ।

वार्षिक रुपमा विदेशी मुद्रा कारोवार हेर्दा सन् २०१२ को अगष्ट देखि २०१३ को जुलाईसम्म बाह्र महिनामा विप्रेषण कम्पनी, ट्रेकिङ र अन्यको विदेशी विनिमयको आप्रवाहमा बृद्धि रहेको देखिन्छ भने मनिचेञ्जर, होटल र ट्राभल्स कम्पनीहरुबाट विदेशी विनिमयको आप्रवाहमा ह्रास आएको देखिन्छ । उक्त संस्थाहरुको कुल कारोवार सन् २०११/१२ को सोही अवधिको तुलनामा ६.७२ प्रतिशतले बृद्धि भई २ अर्व ५८ करोड अमेरिकी डलर वरावर विदेशी मुद्रा आप्रवाह भएको देखिन्छ । त्यस्तै २०१३ को अगष्ट देखि २०१४ को जुलाईसम्म बाह्र महिनामा उपरोक्त संस्थाहरु मार्फत् भएको कुल विदेशी मुद्रा आप्रवाहमा रेमिट्यान्स कम्पनीहरुको अंश करिव ९० प्रतिशत रहेको छ । विप्रेषण कम्पनी लगायत मनिचेन्जर र ट्रेकिङ्ग क्षेत्रहरुमा भएको बृद्धिको कारणले कुल आप्रवाहमा सन् २०१२/१३ को तुलनामा २०१३/१४ मा १३.४२ प्रतिशतले बृद्धि भई अमेरिकी डलर २ अर्व ९३ करोड वरावर विदेशी मुद्रा प्रवाह भएको छ ।

## तालिका (ग)

## विप्रेषण कम्पनीहरुमार्फत प्राप्त मुलुकगत विप्रेषण आप्रवाह विवरण

(अमेरिकी डलर हजारमा)

| क्र. सं. | मुलुक | आ.ब. २०१२/१३ | आ.ब. २०१३/१४ | अनुपात ०१३/१४ | २०१३ मे-जुलाई | २०१४ मे-जुलाई | अनुपात २०१४ |
|---|---|---|---|---|---|---|---|
| १ | मलेशिया | ७९,३५,३४ | ९७,११,१० | ३६.६० | २३,०८,२० | २५,८८,३५ | ३७.४३ |
| २ | संयुक्त राज्य अमेरिका | ३२,६९,५२ | ४२,८५,१५ | १६.१५ | १०,६२,०६ | ११,३७,३१ | १६.४५ |
| ३ | कतार | ४०,५६,६१ | ४०,४६,८३ | १५.२५ | १०,४१,४२ | ९,९७,३६ | १४.४२ |
| ४ | साउदी अरेबिया | ३६,२९,८९ | ३७,२५,७० | १४.०४ | ९,४४,४३ | ९,७१,८० | १४.०५ |
| ५ | जापान | १२,४९,६७ | १६,२७,९३ | ६.१४ | ३,६३,०१ | ५,००,४० | ७.२४ |
| ६ | यूएई | ७,५९,३५ | ७,११,९५ | २.६८ | २,०९,७२ | १,५३,४८ | २.२२ |
| ७ | बहराइन | ५,९१,०२ | ५,७३,७४ | २.१६ | १,७२,२२ | १,१३,१७ | १.६४ |
| ८ | संयुक्र अधिराज्य | ३,९६,६३ | ४,७२,०५ | १.७८ | ७७,९३ | १,०२,८६ | १.४९ |
| ९ | कुवेत | २,८८,६० | ३,११,७१ | १.१७ | ७१,३७ | ८५,२६ | १.२३ |
| १० | लेबनान | १,४७,०१ | ६७,४९ | ०.२५ | ७९,४३ | १५,२० | ०.२२ |
| ११ | क्यानाडा | १,३३,०४ | १,४५,१२ | ०.५५ | ४०,२० | ३९,८० | ०.५८ |
| १२ | अस्ट्रेलिया | ५५,०७ | ८१,१६ | ०.३१ | १६,२१ | २३,४१ | ०.३४ |
| १३ | इजराइल | ३३,४३ | २४,९१ | ०.०९ | ६,५२ | ६,६४ | ०.१० |
| १४ | कोरिया | ६,७३ | ५,९४ | ०.०२ | १,२९ | १,४६ | ०.०२ |
| १५ | अन्य | ७,५२,९८ | ७,४२,८३ | २.८० | २,०६,३६ | १,७८,३४ | २.५८ |
| | जम्मा | २,३३,०४,८९ | २,६५,३३,६१ | १००.०० | ६६,००,३७ | ६९,१४,८४ | १००.० |

६. इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरुबाट प्राप्त मुलुकगत विवरण अनुसार सन २०१३ को मे-जुलाई र २०१४ को मे- जुलाईसम्मको तीन महीना (आ.ब. २०७०/७१ को चौथो त्रयमास)मा मुलुकमा भित्रिने विप्रेषणको अंशमध्ये प्रमुख पाँच मुलुकहरुमा सन २०१४ को तीन महिनामा मलेशिया ३७.४३ प्रतिशत, संयुक्त राज्य अमेरिका १६.४५ प्रतिशत, कतार १४.४२ प्रतिशत, साउदी अरब १४.०५ प्रतिशत, र जापान ७.२४ प्रतिशत रही उपरोक्त प्रमुख पाँच मुलुकहरुबाट मात्र ८९.५९ प्रतिशत रहेको देखिन्छ । त्यस पश्चात युएई, बहराईन, संयुक्त अधिराज्य, कुवेत लगायतका मुलुकहरु रहेका छन् ।

वार्षिक रुपमा हेर्दा सन २०१३ अगस्त देखि २०१४ जुलाईसम्म एक वर्ष अवधिमा मलेशिया ३६.६० प्रतिशत, संयुक्त राज्य अमेरिका १६.१५ प्रतिशत, कतार १५.२५ प्रतिशत, साउदी अरब १४.०४ प्रतिशत, र जापान ६.१६ प्रतिशत रही उपरोक्त प्रमुख पाँच मुलुकहरुबाट मात्र ८८.१८ प्रतिशत रहेको देखिन्छ ।

## तालिका (घ)
## वाणिज्य बैंकहरुमार्फत प्राप्त मुलुकगत विप्रेषण आप्रवाह विवरण

(अमेरिकी डलर हजारमा)

| क्र. सं. | मुलुक | २०१३ मे- जुलाई | २०१४ मे- जुलाई | अनुपात २०१४ | आ.ब. २०१३/१४ | अनुपात २०१३/१४ |
|---|---|---|---|---|---|---|
| १ | साउदी अरब | १२,५१,७० | १४,४३,१६ | ३१.११ | ४८,१७,०७ | २९.५८ |
| २ | युएई | १३,७५,५४ | ११,३३,४२ | २४.४३ | ४६,४३,०७ | २८.५१ |
| ३ | कतार | ८,८१,४६ | ९,९७,७७ | २१.५१ | ३१,५५,१५ | १९.३७ |
| ४ | मलेशिया | २,६२,७० | ४,१५,१८ | ८.९५ | १२,८१,६२ | ७.८७ |
| ५ | बहराइन | ९१,५३ | १,९०,७७ | ४.११ | ५,०६,८५ | ३.११ |
| ६ | कुवेत | १,४९,३६ | ९३,५५ | २.०२ | ४,१२,८९ | २.५४ |
| ७ | संयुक्त राज्य अमेरिका | ८४,९६ | ४३,६९ | ०.९४ | २,४३,८५ | १.५० |
| ८ | संयुक्त अधिराज्य | ८४,३९ | १७,४५ | ०.३८ | १,१८,७९ | ०.७३ |
| ९ | कोरिया | ४३,६१ | ३०,४८ | ०.६६ | १,४०,३७ | ०.८६ |
| १० | अष्ट्रेलिया | १३,१६ | ८६ | ०.०२ | १७,३४ | ०.११ |
| ११ | इजराईल | ६,१९ | ३,८३ | ०.०८ | २५,५६ | ०.१६ |
| १२ | क्यानाडा | १,५५ | ७,०३ | ०.१५ | २२,१२ | ०.१४ |
| १३ | लेबनान | ६७ | १,५३ | ०.०३ | ७,२२ | ०.०४ |
| १४ | जापान | ० | ५० | ०.०१ | ६,१९ | ०.०४ |
| १५ | अन्य | २,६८,१६ | २,६०,३२ | ५.६१ | ८,८९,१८ | ५.४६ |
| | **जम्मा** | ४५,१४,९८ | ४६,३९,५४ | १००.०० | १,६२,८७,२७ | १००.०० |

७. वाणिज्य बैंकहरु मार्फत प्राप्त बिप्रेषण रकमको मुलुकगत विवरण अनुसार सन २०१३ को मे- जुलाई र २०१४ को मे- जुलाईसम्मको तीन महीना (आ.ब. २०७०/७१ को चौथो त्रयमास)मा मुलुकमा भित्रिने विप्रेषणको अंश प्रमुख पाँच मुलुकहरुमा साउदी अरब ३१.११ प्रतिशत, युएई २४.४३ प्रतिशत, कतार २१.५१ प्रतिशत, मलेशिया ८.९५ प्रतिशत र बहराइन ४.११ प्रतिशत रही उपरोक्त प्रमुख पाँच मुलुकहरुबाट मात्र ९० प्रतिशत भन्दा बढी रहेको देखिन्छ । त्यस पश्चात कुवेत, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, कोरिया लगायतका मुलुकहरु रहेका छन् ।

वार्षिक रुपमा हेर्दा सन २०१३ अगस्त देखि २०१४ जुलाईसम्म एक वर्ष अवधिमा साउदी अरब २९.५८ प्रतिशत, युएई २८.५१ प्रतिशत, कतार १९.३७ प्रतिशत, मलेशिया ७.८७ प्रतिशत, र बहराईन ३.११ प्रतिशत रही उपरोक्त प्रमुख पाँच मुलुकहरुबाट मात्र ८८.४४ प्रतिशत रहेको देखिन्छ ।

**(ग) निरीक्षण तथा कारवाहीको विवरण**

८. यस बैंकबाट विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी, मनिचेञ्जर, होटल, ट्राभल्स, ट्रेकिङ्ग, एअरलाइन्स, कार्गो तथा अन्य कम्पनीहरुमध्ये आर्थिक वर्ष २०७०/७१ को चौथो त्रयमास (२०७१ बैशाख-आषाढ) अवधिमा नियमित तर्फ ६६ वटा संस्थाहरु र ३३ वटा संस्थाहरुको बिशेष स्थलगत निरीक्षण गरिएको छ । इजाजतपत्रप्राप्त

व्यक्ति, फर्म, कम्पनी तथा संस्थाले गरेका कारोवारहरूको निरीक्षण तथा सोही अवधिसम्मको अपरिष्कृत वित्तीय विवरणको समीक्षा गरी सोको आधारमा देखिएका कमी कमजोरीतर्फ ती संस्थाको ध्यानाकर्षण गराउनु, संस्थागत सुशासन कायम गर्न लगाउनु, विदेशी मुद्रा अपचलन हुन नदिन तथा विदेशी मुद्राको अनौपचारिक कारोवारलाई निरुत्साहित गरी औपचारिक कारोवार बढाउन आवश्यक निर्देशन तथा सुझावहरू दिनु निरीक्षणको मुख्य उद्देश्य रहेका छन् । निरीक्षण गर्दा देहायका उद्देश्य हासिल गर्ने गरी स्थलगत निरीक्षण गर्ने गरिएको छ ।

(क) यस बैंकबाट विदेशी विनिमय कारोवार सम्बन्धमा जारी इ.प्रा. परिपत्र, विनियमावली, निर्देशनहरु तथा इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरु पालना भए/नभएको,

(ख) इजाजतपत्रप्राप्त विप्रेषण/मनिचेञ्जर/ट्राभल्स/ट्रेकिङ्ग/होटल/एअरलाइन्स कार्गो लगायतले आवश्यक नीति नियमहरू तयार गरे/नगरेको तथा तयार गरिएका नीति, नियम र कार्यविधिको प्रभावकारी कार्यान्वयन भए /नभएको,

(ग) इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी तथा संस्थाको व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए/नभएको,

(घ) इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी तथा संस्थाको उद्देश्य अनुरुप कार्य सम्पादन गरे/नगरेको,

(ङ) इजाजतपत्रप्राप्त व्यक्ति, फर्म, कम्पनी तथा संस्थाको समग्र वित्तीय विवरण एवम् यस बैंकमा पेश गर्नुपर्ने नियमित विवरण यस बैंकबाट निर्धारित ढाँचा अनुरुप भए/नभएको ।

**मनिचेञ्जरहरु**

९ यस बैंकबाट मनिचेन्जर सम्बन्धी विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त गरी संचालनमा रहेका काठमाडौ उपत्यकाभित्रका १६५ मनिचेन्जरहरु र जिल्लास्थित कार्यालयहरुबाट इजाजतपत्रप्राप्त मनिचेन्जरहरुमध्ये आर्थिक बर्ष २०७०।७१ को चौथो त्रयमास अवधि (२०७१ बैशाख-आषाढ) ३६ वटाको निरीक्षण तथा अनुगमन सम्पन्न भएको छ । निरीक्षणका क्रममा यस बैंकबाट विदेशी विनिमय कारोवार सम्बन्धमा जारी इ.प्रा. परिपत्र, विनियमावली, निर्देशनहरु तथा इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरु पालना नगरेको जस्ता कैफियतहरु पाइएको छ ।

१०. नियमित स्थलगत निरीक्षण, विशेष निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण गरेका मनिचेन्जरहरुमध्ये ३ वटा मनिचेन्जरहरुलाई कारोवार तथा क्यास बुक अनुसार काउन्टर नगद मौज्दात ठिक दुरुस्त राख्न, डेबुक क्यास बुक व्यवस्थित किसिमले राख्न, विदेशी मुद्रा सटही दर यथार्थपूर्वक राखी नियमित अद्यावधिक गर्न निर्देशन दिइएको छ । एघार वटा मनिचेन्जरहरुलाई स्पष्टिकरण सोधिएकोमा तीन वटा मनिचेन्जरलाई नगद जरिवाना गरिएको, तीन वटा मनिचेन्जरलाई सचेत गराइएको र तीन वटा मनिचेन्जरलाई नसिहत दिइएको छ भने दुई वटाको स्पष्टिकरण सन्तोषजनक रही कारवाही गर्नु नपर्ने देखिएको छ ।

**होटल**

११. आर्थिक वर्ष २०७०/७१ को चौथो त्रयमास अवधिमा विदेशी मुद्रा कारोवार गर्न इजाजतपत्र प्राप्त होटलहरु मध्ये २१ वटा होटलहरुको स्थलगत निरीक्षण गरिएको छ ।

**ट्रेकिङ्ग एजेन्सी**

१२. आर्थिक वर्ष २०७०/७१ को चौथो त्रयमास अवधिमा विदेशी मुद्रा कारोवार गर्न इजाजतपत्र प्राप्त ट्रेकिङ्ग कम्पनीहरु मध्ये २४ वटा ट्रेकिङ्ग कम्पनीहरुको स्थलगत निरीक्षण गरिएको छ ।

**ट्राभल एजेन्सी**

१३. आर्थिक वर्ष २०७०/७१ को चौथो त्रयमास अवधिमा विदेशी मुद्रा कारोवार गर्न इजाजतपत्र प्राप्त ट्राभल एजेन्सीहरु मध्ये ४ वटा ट्राभल एजेन्सीहरुको स्थलगत निरीक्षण गरिएको छ ।

**विप्रेषण कम्पनी**

१४. आर्थिक वर्ष २०७०/७१ को चौथो त्रयमास अवधिमा विदेशी मुद्रा विप्रेषण कारोवार गर्न इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीहरु मध्ये १४ वटा विप्रेषण कम्पनीहरुको स्थलगत निरीक्षण गरिएकोमा यस बैंकबाट जारी गरिएको इ.प्रा. परिपत्र ५७६ को बुँदा नं. २, ४४, ५३, ५४, ५६ को पालना गरी कार्यान्वयन गरेको नपाईएको एवं कार्यालयको भौतिक पूर्वाधार नै तयार नगरी कारोवार गरिरहेको पाइएको तथा कार्यालयको नाममा काउन्टर मात्र राखी संचालन गरिएको पाइएको सम्बन्धमा ८ वटा विप्रेषण कम्पनीहरुलाई स्पष्टिकरण सोधिएकोमा ७ वटा विप्रेषण कम्पनीहरुलाई उपरोक्त परिपत्र पालना गर्न निर्देशन दिइएको ।

**अन्य इजाजतपत्र प्राप्त कम्पनीहरु**

१५. चालु आर्थिक वर्षको चौथो त्रयमास अवधिमा कार्गो, एयरलाइन्स र अन्य संस्थाहरुको स्थलगत निरीक्षण नभएको ।

(घ) **निश्कर्ष**

१६. आर्थिक वर्ष २०७०।७१ को वार्षिक कार्ययोजना अनुसार चौथो त्रयमास अवधि सम्ममा ११० वटा इजाजतपत्र प्राप्त संस्थाहरुको निरीक्षण गर्ने लक्ष्य रहेकोमा उक्त अवधिमा ३६ वटा मनिचेन्जर, १४ वटा मनि ट्रान्सफर, २१ वटा होटल, २४ ट्रेकिङ्ग र ४ वटा ट्राभल्स कम्पनी निरीक्षण तथा अनुगमन सम्पन्न गरिएको छ । आर्थिक वर्ष २०७०।७१ को चौथो त्रयमासको अवधिसम्म जम्मा ४०६ वटा संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्पन्न गरिएको छ । विदेशी विनिमय सम्बन्धी कारोवार गर्न इजाजतपत्र प्राप्त विप्रेषण/मनि चेञ्जर/ट्राभल्स/ट्रेकिङ्ग/होटल/ एअरलाइन्स/कार्गो लगायतको कारोवार सम्बन्धमा स्थलगत निरीक्षण कार्यबाट यस्ता संस्थाको कारोवार व्यवस्थित र नियमित गर्न सहयोग पुगेको देखिन्छ । अनौपचारिक रुपमा हुने विदेशी विनिमय कारोवारलाई नियन्त्रण गर्न सरकारका प्रशासनिक निकायहरुको भूमिका पनि महत्वपूर्ण हुने देखिएको सन्दर्भमा समय समयमा त्यस्ता निकायहरुको समेत ध्यानाकर्षण गराउने गरिएको छ ।